**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मिति: २०८२।०२।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिरहा, नवराजपुर गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यमा डी.पी.आर. तर्जुमादेखि भवन निर्माण कार्यको भुक्तानीसम्मको काममा सार्वजनिक खरिद सम्बन्धी प्रक्रिया र नियम पालना गरेको नदेखिएको, संरचनाको गुणस्तरमा प्रश्न उठेको, परामर्शदातालाई भुक्तानी गरेको रकमसमेत अस्वाभाविक देखिएको विषयसमेतमा अनियमितता भएको हुन सक्ने भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर, सिरहाको प्रशासकीय भवन निर्माण गर्न आ.व. २०७६/०७७ मा तयार गरेको D.P.R. बमोजिम गाउँपालिकाको उक्त भवनको लागत अनुमान रु.६,१८,६८,७६४।३७ यकिन भएको अवस्थामा वदनियतपूर्वक श्रोतको सुनिश्चितता र बार्षिक योजनासमेत स्वीकृत नगरी भवन निर्माणको D.P.R. लाई खण्डीकरण गरी रु.३७,७५,४३६।१० बराबरको लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत मिति २०७७।०३।१५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७।०२।३२ मा सम्झौता भएको, पालिकाले पेश गरेको कामको प्राविधिक मूल्याङकन तथा कार्य सम्पन्न प्रतिवेदनमा रु.३७,७९,१०६।८२ बराबरको कार्य भएको भनी गलत प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदनका आधारमा उपभोक्ता समितिलाई श्रमदान, आयकर, बहाल कर र सामाजिक सुरक्षा कर कट्टा गरी जम्मा रकम रु.३४,३९,१८९/- (चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र कन्टिन्जेन्सीसमेत) भुक्तानी भएकोमा स्थलगत रुपमा नापजाँच गरी पेश भएको प्राविधिक प्रतिवेदन अनुसार पुरानो निर्मित संरचना त्रुटिपूर्ण देखिएकोले सो संरचनामा थप कार्य गर्न उपयुक्त नहुने अवस्था रहेको भन्ने व्यहोरा खुली आएको साथै गाउँपालिकाले सो संरचनामा थप निर्माण गर्न नमिल्ने भई उक्त संरचना उपयोगविहीन हुन गएकोले सार्वजनिक सम्पत्ति हानिनोक्सानी, हिनामिना र दुरुपयोग हुन गई भ्रष्टाचारजन्य कार्य भएको पुष्टि हुन आएको हुँदा उक्त कसूरजन्य कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरु उपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नवराजपुर गाउँपालिका सिरहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **अमरेन्द्र कुसियैत** | रु.३४,३९,१८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी |

| | | | |
|---|---|---|---|
| | | | उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने समेतको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ। |
| २. | नवराजपुर गाउँपालिका, सिरहाका तत्कालीन इन्जिनियर **कृष्णा साह** र तत्कालीन सबइन्जिनियर **जय नारायण यादव** | जनही रु.३४,३९,१८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने समेतको कसूर अपराध गरेको देखिन आएकोले निज कृष्णा साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ। |
| ३. | नवराजपुर गाउँपालिका, सिरहाका तत्कालीन लेखापाल **सोम प्रसाद आचार्य** | रु.३४,३९,१८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ। |
| ४. | नवराजपुर गाउँपालिका, सिरहाका तत्कालीन गाउँपालिका अध्यक्ष **विश्व मोहन प्रसाद यादव**, तत्कालीन उपाध्यक्ष **शोभा कुमारी**, वडा नं. ४ का | – | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसूर अपराध गरेको देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| | तत्कालीन वडा अध्यक्ष **मदन यादव**, वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष **मनोज कुमार यादव**, तत्कालीन योजना शाखा प्रमुख **रमेश कुमार निधि** र तत्कालीन जिन्सी प्रमुख **संजय प्रसाद यादव** | | |
| ५. | भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष **रामचन्द्र यादव**, सचिव **दिपेन्द्र कुमार यादव** र कोषाध्यक्ष **कोशीला देवी यादव** | जनही रु.३३,३४,१८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को भ्रष्टाचारजन्य कार्यको नगद तथा लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा उक्त ऐनको पहिलो संशोधन सहितको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम हुने जरिवानाको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असूल उपर हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया